१) माइभगवती बृद्धाश्रम, इलाम नगरपालिका वार्ड नं. १०, राजदुवालीको च.नं. १२ मिति २०७५।११।१४ को पत्रमा छलफल हुँदा मिति २०७५।६।४ गते संझौता भई संचालनमा रहेको माईभगवती बृद्धाश्रम पार्क निर्माण योजनाको काम विभिन्न कारणले संझौताको मिति भित्र सम्पन्न हुन नसकेको हुनाले उक्त योजना मिति २०७५।११।३० गते भित्रमा सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

२) इलाम नगरपालिका क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुमध्ये आ.ब. २०७४।०७५ को विवरण नबुझाउने सहकारी संस्था सम्बन्धी ना.सु श्री दुर्ग सम्वाहाम्फेको मिति २०७५।११।१० को स्थलगत निरीक्षण प्रतिवेदनमा छलफल हुँदा निम्नानुसारका सहकारी संस्थाहरुले नगरपालिकामा तोकिएको म्यादमा बुझाउनु पर्ने प्रतिवेदन नबुझाएको हुँदा इलाम नगरपालिका, सहकारी ऐन, २०७४ को दफा ८१ को उपदफा २ खण्ड (ख) र (ङ) को कसुर देखिएकोले यस्ता निष्कृय सहकारी संस्थाहरुलाई थप कानुनी कार्वाहीको प्रक्रियामा लैजाने निर्णय गरियो ।

**निम्न :**

१. बरबोटे सहकारी संस्था लि., इलाम नगरपालिका वार्ड नं. ५
२. महिला घरेलु सहकारी संस्था लि., इलाम नगरपालिका वार्ड नं. ५
३. गतिशील कृषि सहकारी संस्था लि., इलाम नगरपालिका वार्ड नं. ७
४. समता कृषि सहकारी संस्था लि., इलाम नगरपालिका वार्ड नं. ७
५. स्मरण कृषि सहकारी संस्था लि., इलाम नगरपालिका वार्ड नं. ८
६. सोयाक कृषि सहकारी संस्था लि., इलाम नगरपालिका वार्ड नं. ११
७. पञ्चशील कृषि सहकारी संस्था लि., इलाम नगरपालिका वार्ड नं. १२

३) इलाम नगरपालिका,अन्तर्गत करारमा नगर प्रहरी छनौट समितिको मिति २०७५।११।१३ को निर्णयानुसार विज्ञापन नं. ३।०७५।०६ को नगर प्रहरी जवानतर्फ २ (दुई) सिटमा महिला उम्मेदवारहरुबाट दोस्रो पटक दरखास्त माग गर्दा समेत तोकिएको म्याद भित्र दरखास्त दर्ता हुन नआएको हुँदा सो महिलाका लागि छुट्याइएको २ (दुई) सिटमा नगर प्रहरी जवानका लागि तोकिए अनुसारको योग्यता भएका पुरुषबाटै छनौट गर्ने निर्णय गरियो ।

४) इलाम नगरपालिका क्षेत्रमा समाज परिचालनको माध्यमद्वारा लक्षित समुदाय तथा विपन्न वर्गमा उद्यमशीलता अभिबृद्धि गर्दै जीवनस्तरमा सुधार ल्याउन, सहरी सुशासन अभिबृद्धि तथा गरिबी न्यूनीकरण गर्न, आर्थिक/सामाजिक रुपले पछि परेका समुदायको सशक्तीकरण गर्दै समृद्ध नगर बनाउने अभियानका विविध कार्यक्रम कार्यान्वयनका लागि इलाम नगरपालिकामा स्थापना गरिएको गरिबी निवारण तथा सामाजिक परिचालन कोषलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकारलाई प्रयोग गरी "इलाम नगरपालिका, गरिबी निवारण तथा सामाजिक परिचालन कोष सञ्चालन कार्यविधि, २०७५" स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

५) इलाम नगरपालिकाअन्तर्गत अपाङ्गता स्थानीय समन्वय समितिको मिति २०७५।९।२९ को निर्णयानुसार १२ वटै वडामा समुदाय प्रहरी साझेदारी कार्यक्रम प्रवर्द्धनार्थ अपाङ्गता परिचय पत्र वितरण कार्यविधि, २०७५ को मुख्य मुख्य बुँदाहरु, अपाङ्गता भएका व्यक्तिहरु प्रति हुने हिंसा/अपराध न्यूनीकरणका उपायहरु, अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार तथा सरकारी पक्षबाट प्रत्याभूत गरिएका सुविधा, अपाङ्गता भएका व्यक्तिहरुले विपद्का समयमा अपनाउनु पर्ने सुरक्षा नियम तथा ट्राफिक ज्ञान, अपाङ्गता भएका व्यक्तिहरुको गुनासो संकलन लगायतका विषयवस्तुमा आधारित रही अपाङ्गता भएका व्यक्तिसँग प्रहरीको १ दिने कार्यक्रम जिल्ला प्रहरी कार्यालय, करुणा फाउण्डेसन र वडा कार्यालयको सहयोगमा निम्न समय तालिका अनुसार सबै वडामा संचालन गर्ने निर्णय गरियो ।

निम्न :

| मिति | समय | वडा नं. | स्थान |
|---|---|---|---|
| २०७५।१२।६ | दिउँसो ११.३० बजे | १ | वडा कार्यालय भवन |
| २०७५।१२।७ | दिउँसो ११.३० बजे | २ | वडा कार्यालय भवन |
| २०७५।१२।८ | दिउँसो १.०० बजे | ३ | वडा कार्यालय भवन |
| २०७५।१२।१० | दिउँसो ११.०० बजे | ४ | वडा कार्यालय भवन |
| २०७५।१२।११ | दिउँसो ११.०० बजे | ५ | वडा कार्यालय भवन |
| २०७५।१२।१२ | दिउँसो ११.०० बजे | ६ | वडा कार्यालय भवन |
| २०७५।१२।१३ | दिउँसो ११.०० बजे | ७ | वडा कार्यालय भवन |
| २०७५।१२।१४ | दिउँसो ११.०० बजे | ८ | वडा कार्यालय भवन |
| २०७५।१२।१५ | दिउँसो ११.०० बजे | ९ | वडा कार्यालय भवन |
| २०७५।१२।१७ | दिउँसो ११.३० बजे | १० | वडा कार्यालय भवन |

| | | | |
|---|---|---|---|
| २०७५।१२।१८ | दिउँसो १.०० बजे | ११ | वडा कार्यालय भवन |
| २०७५।१२।१९ | दिउँसो १२.३० बजे | १२ | वडा कार्यालय भवन |

६) इलाम क्षेत्रका सामुदायिक विद्यालय सार्ने गाभ्ने प्रयोजनका लागि नगरपालिकाबाट गठित उपसमितिको प्रतिवेदन र नगर शिक्षा समिति इलामको मिति २०७५।१०।२८ को सिफारिस समेतको आधारमा इलाम नगरपालिका, नगर कार्यपालिकाको मिति २०७५।११।५ को निर्णयानुसार इलाम नगरपालिका वार्ड नं. ७ स्थित बालमन्दिर आ.वि.लाई इलाम नगरपालिका वार्ड नं. ७ को आदर्श आ.वि. मा, इलाम नगरपालिका वार्ड नं. ९ स्थित पोखरी आ.वि. लाई इलाम नगरपालिका वार्ड नं. ९ को भगवती मा.वि. मा गाभिएकोमा साविक बालमन्दिर आ.वि. मा आवासीय रुपमा दृष्टिविहीनहरुको लागि विशेष कक्षा समेत संचालनमा रहेको हुनाले सो दृष्टिविहीनहरुका लागि सञ्चालित आवासीय विशेष कक्षालाई अझ व्यवस्थित गर्दै यस क्षेत्रको नमुना दृष्टिविहीन विद्यालय बनाउन आवश्यक देखिएकोले साविक पोखरी आ.वि. रहेको स्थलमा सामुदायिक विद्यालयकै रुपमा शैक्षिक सत्र २०७६ देखि पोखरी दृष्टिविहीन आ.वि. को नामबाट आधारभूत तह (कक्षा १–८) सञ्चालन गर्ने निर्णय गरियो ।

७) इलाम नगरपालिका, ९ नं. वडा कार्यालय गोलाखर्क, इलामको च.नं. ८५७ मिति २०७५।११।१५ को योजना परिवर्तन सम्बन्धी पत्रानुसार निम्नानुसार परिवर्तन गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

निम्न :

| साविक योजनाको नाम | रकम | परिवर्तित योजनाको नाम | रकमान्तर रकम |
|---|---|---|---|
| १. लावरको बोटबाट निकास हुने ढल सहित पञ्चकन्या जोरधारा सडक नाली निर्माण ( ब.शी.नं. १३०/३११७१ | ५,००,०००।०० | पुवामाई चोकबाट धापगरासम्म र कात्तिकेबेसी सडक स्तरोन्नति | १०,००,०००।०० |
| २. हेडट्यांक कात्तिकेबेसी राजदुवाली सडक स्तरोन्नति (ब.शी.नं. १३३/३११७१ | ५,००,०००।०० | | |

८) इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७५ को दफा ३(२) अनुसार इलाम नगरपालिकाको आ.ब. २०७५।०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको खर्च शीर्षकअन्तर्गत पदाधिकारी पारिश्रमिक खर्च शीर्षक (२१११२) बाट खर्च शीर्षक  इलाम हाम्रो गौरव २०० वर्ष समापन तथा स्मारिक प्रकाशन कार्यक्रम (२५५२२) मा रु ५,००,०००।०० बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

९) मिति २०७५।११।१५ गतेका दिन दिउँसो ताप्लेजुङ्गमा भएको हेलिकोप्टर दूर्घटनामा नेपाल सरकारका माननीय पर्यटन मन्त्री श्री रबीन्द्र अधिकारी, इलाम नगरपालिकाका पूर्व कार्यकारी अधिकृत तथा उपसचिव श्री युवराज दाहाल, नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक श्री बीरेन्द्र श्रेष्ठ, नागरिक उड्डयन प्राधिकरणका निर्देशक ध्रुव भोछिभोया, पर्यटन व्यवसायी श्री आङछिरिङ्ग शेर्पा, सुरक्षाकर्मी श्री अर्जुन घिमिरे, क्याटेन श्री प्रभाकर के.सी. समेत ७ जनाको असामयिक निधन भएको दुखद खबरले स्तब्ध र मर्माहत बनाएको छ । यस दुखद घडीमा मृतक व्यक्तिहरुमा हार्दिक श्रद्धाञ्जलि तथा सम्मानका लागि १ मिनट मौन धारण गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समबेदना प्रकट गर्ने निर्णय गरियो ।

५) इलाम नगरपालिकाअन्तर्गत अपाङ्गता स्थानीय समन्वय समितिको मिति २०७५।९।२९ को निर्णयानुसार १२ वटै वडामा समुदाय प्रहरी साझेदारी कार्यक्रम प्रवर्द्धनार्थ अपाङ्गता परिचय पत्र वितरण कार्यविधि, २०७५ को मुख्य मुख्य बुँदाहरु, अपाङ्गता भएका व्यक्तिहरु प्रति हुने हिँसा/अपराध न्यूनीकरणका उपायहरु, अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार तथा सरकारी पक्षबाट प्रत्याभूत गरिएका सुविधा, अपाङ्गता भएका व्यक्तिहरुले विपद्का समयमा अपनाउनु पर्ने सुरक्षा नियम तथा ट्राफिक ज्ञान, अपाङ्गता भएका व्यक्तिहरुको गुनासो संकलन लगायतका

विषयवस्तुमा आधारित रही अपाङ्गता भएका व्यक्तिसँग प्रहरीको १ दिने कार्यक्रम जिल्ला प्रहरी कार्यालय, करुणा फाउण्डेसन र वडा कार्यालयको सहयोगमा निम्न समय तालिका अनुसार सबै वडामा संचालन गर्ने निर्णय गरियो ।

निम्न :

| मिति | समय | वडा नं. | स्थान |
|---|---|---|---|
| २०७५।१२।६ | दिउँसो ११.३० बजे | १ | वडा कार्यालय भवन |
| २०७५।१२।७ | दिउँसो ११.३० बजे | २ | वडा कार्यालय भवन |
| २०७५।१२।८ | दिउँसो १.०० बजे | ३ | वडा कार्यालय भवन |
| २०७५।१२।१० | दिउँसो ११.०० बजे | ४ | वडा कार्यालय भवन |
| २०७५।१२।११ | दिउँसो ११.०० बजे | ५ | वडा कार्यालय भवन |
| २०७५।१२।१२ | दिउँसो ११.०० बजे | ६ | वडा कार्यालय भवन |
| २०७५।१२।१३ | दिउँसो ११.०० बजे | ७ | वडा कार्यालय भवन |
| २०७५।१२।१४ | दिउँसो ११.०० बजे | ८ | वडा कार्यालय भवन |
| २०७५।१२।१५ | दिउँसो ११.०० बजे | ९ | वडा कार्यालय भवन |
| २०७५।१२।१७ | दिउँसो ११.३० बजे | १० | वडा कार्यालय भवन |
| २०७५।१२।१८ | दिउँसो १.०० बजे | ११ | वडा कार्यालय भवन |
| २०७५।१२।१९ | दिउँसो १२.३० बजे | १२ | वडा कार्यालय भवन |